बाणगङ्गा नगरपालिका

# स्थानीय राजपत्र

बाणगङ्गा नगरपालिका, कपिलवस्तुद्वारा प्रकाशित

खण्ड:७ वर्षः २०८० संख्या:४ कार्तिक २३ गते, २०८० साल

## भाग-२

बाणगङ्गा नगरपालिका

### पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि, २०८०

**प्रस्तावना:**

बाणगंगा नगरपालिका क्षेत्र भित्र जथाभावी छाडिने बेवारिसे छाडा पशु चौपायाले सडक एवं सार्वजनिक स्थलमा पुर्याइरहेको अवरोध तथा फोहोरहरु नियन्त्रण गर्न, कृषि बालीको नोक्सानी तथा क्षति नियन्त्रण गर्न, यातायातका साधन तथा सर्वसाधारणको आवागमनमा अवरोध पुर्याई

हुन सक्ने दुर्घटनालाई रोक्ने सन्दर्भमा यस्ता छाडा पशु चौपायाहरुबाट हुन सक्ने विभिन्न अवरोधलाई तत्कालै नियन्त्रण गरी आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र बाणगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम बाणगङ्गा नगरपालिकाले यो "पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि,२०८०" तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद–१
## प्रराम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि, २०८०" रहेको छ,

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "व्यवस्थापन समिति" भन्नाले यो कार्यविधि अनुसार छाडा चौपाया नियन्त्रण, व्यवस्थापन गर्न कार्यपालिकाद्धारा गठित समिति सम्झनु पर्दछ,

(ख) "छाडा चौपाया" भन्नाले वेवारिसे अवस्थामा सार्वजनिक स्थलमा छाडिएका गाई–गोरु, राँगा–भैंसी, खसी, बोका, बाख्रा, भेडा, सुंगुर, बंगुर, कुकुर लगायत पशु र यिनका सन्तानलाई सम्झनु पर्दछ,

(ग) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले समय समयमा निर्णय गरी जारी गरेको आदेश तथा निर्देश समेत सम्झनु पर्दछ,

(घ) "नगरपालिका" भन्नाले बाणगंगा नगरपालिका सम्झनु पर्दछ,

(ङ) "नगर कार्यपालिका" भन्नाले बाणगंगा नगर कार्यपालिका सम्झनु पर्दछ,

(च) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ,

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बाणगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ,

(ज) "सभा" भन्नाले नगरपालिको नगर सभा सम्झनु पर्दछ,

(झ) "पूर्वाधार" भन्नाले गोठ (टहरा), तारबार, बाउन्ड्री वाल, चौपायाको लागि आवश्यक खानेपानी बोरिङ, खानेपानी डुँढ, गोवर प्रसोधन, बायोग्यास, हेरालुको लागि बस्ने घर तथा गाईवस्तु व्यवस्थापनको लागि आदि सम्झनु पर्दछ ।

## परिच्छेद–२
## सरोकारवालाहरुको काम, कर्तव्य

**३. पशु चौपाया धनीको कर्तव्य :**

(क) कुनै पनि पशु चौपाया धनीले आफ्ना पशु चौपायाहरु व्यवस्थित तवरले पालन पोषण गर्नु पर्दछ,

(ख) पशु चौपाया धनीले आफूले पालेका भाले वा स्त्री जाती पशु चौपाया बीच कुनै भेदभाव गर्नु हुदैन,

(ग) कुनै कुत्सित नियत राखी आफूले पालेका पशु चौपायालाई अस्वस्थ बनाई मर्न दिनु हुदैन तथा बेवारिसे गराउनु हुदैन । कालगतिले मरेका चौपायालाई उचित स्थानमा तुरुन्तै व्यवस्थापन गर्नु पर्दछ,

(घ) पशु चौपाया धनीले जानी जानी वा अनजानमा समेत आफूले पालेका पशु चौपायाहरु सार्वजानिक स्थल, सडक आदिमा छाडा छाड्नु हुँदैन,

(ङ) पालिएका पशु चौपायाहरु कुनै कारणबाट आफ्नो घर गोठ छाडी सार्वजनिक स्थलमा गई वेवारिसे अवस्थामा घुमफिर गरेको पाइएमा त्यस्ता चौपायाका धनीले पशु चौपायाको जिम्मा लिई तुरुन्त आफ्नो घर/गोठमा लैजानु पर्दछ,

(च) नगरपालिकाले तोकेको ढाँचा र समयमा आफ्नो चौपायाहरुको विवरण नगरपालिकामा बुझाउनु पर्नेछ,

**४. नगरबासी तथा संघ संस्थाको कर्तव्य :**

(क) वेवारिसे अवस्थामा सार्वजनिक स्थलमा देखिने पशु चौपायाको पहिचान गरी त्यस्ता पशु चौपायाका धनीलाई तुरुन्त आफ्नो घर/गोठमा लैजान खबर गर्नु सर्वसाधारण, नगरवासी तथा स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ,

(ख) छाडा पशु चौपायाबाट सार्वजानिक स्थलमा हुने असुविधा, फोहोरमैला, सडक दुर्घटना तथा वातावरण एवं हरियालीमा पर्ने नकारात्मक असर बारे जन चेतना जगाई चौपायाहरु वेवारिसे अवस्थामा छाडा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु नगरवासी एवं स्थानीय संघ संस्थाको कतर्व्य हुनेछ,

(ग) छाडा चौपाया नियन्त्रणका लागि नगरपालिकाले संचालन गरेको अभियानमा आवश्यक सहयोग, सल्लाह र सूचनाहरु उपलव्ध गराउनु प्रत्येक नगरवासी र स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ,

**५. नगरपालिकाको काम कर्तव्य र अधिकार :**

(क) नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(१) नगरपालिकाले यथा सम्भव आफ्नो नगर क्षेत्रभित्र पालिएका पशु चौपायाहरुको वडागत/वस्तुगत लगत तयार गरी यस्तो लगतमा जन्म तथा मृत्यु हुने पशु चौपायाहरुको विवरण अद्यावधिक गर्न चौपाया धनी र वडा समितिलाई निर्देश गर्न सक्नेछ,

(२) छाडा पशु चौपायाबाट पर्न सक्ने नकारात्मक असरहरुको सम्वन्धमा स्थानीय संघ/संस्थाहरु संगको समन्वयमा जनचेतनामूलक कार्यक्रम संचालन गरी नगरवासीलाई सुसूचित गराउने र जनदवाव श्रृजना गर्ने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ,

(३) यस कार्यविधिको परिच्छेद–३ अर्न्तगतको कारवाही पश्चात पनि नगर क्षेत्रमा वेवारिसे अवस्थामा बाँकी रहेका छाडा चौपाया नियन्त्रणको लागि नगरपालिकाले कान्जी हाउस वा अन्य कुनै व्यवस्था गरी त्यस्ता पशु चौपायाहरुको नियन्त्रण/व्यवस्थापन गर्नेछ,

(४) नगरपालिकाले छाडा चौपाया नियन्त्रणका लागि छाडा पशुचौपायाबाट प्रभावित अन्य छिमेकी नगरपालिका/गाउँ पालिका संग साझेदारी एवं सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न सक्नेछ,

(५) नगरपालिकाले यस्ता छाडा चौपाया नियन्त्रण गर्न निजी क्षेत्र वा कुनै संघ संस्था संग साझेदारी, सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न वा त्यस्तो व्यवस्थापनको जिम्मा दिन सक्नेछ,

(ख) वडा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(१) आफ्नो वडा क्षेत्रमा छाडा चौपाया नियन्त्रण गर्न हरसंभव उपायहरु अवलम्बन गर्ने । यस विषयमा आवश्यकतानुसार छिमेकी वडाहरुसँग समन्वय गर्ने,

(२) छाडा चौपाया नियन्त्रणका लागि नगरपालिकाले सञ्चालन गरेको अभियानमा वडावासी एवं सरोकारवाला सबैलाई सक्रियतापूर्वक सहभागी गराउने । संघ–संस्थासँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(३) आफ्नो वडा भित्र छाडा चौपाया नियन्त्रण र व्यवस्थापन गर्न नगरकार्यपालिकाले निर्देशन गरे बमोजिम यस कार्यविधिको परिच्छेद–३ मा व्यवस्था गरिएको दण्ड, जरिवान एवं लिलाम सम्बन्धी कार्य गरी प्राप्त हुन आउने रकम नगरपालिकाको दफा १८ अनुसारको कोषमा जम्मा गर्ने, गराउने र सोको अभिलेख दुरुस्त राख्ने व्यवस्था मिलाउने,

(४) वडा क्षेत्र भित्रका पशुपालक कृषकहरुबाट तोकिएको ढाँचामा पशुहरुको लगत लिई सोको विवरण अद्यावधिक राख्ने,

(५) नियन्त्रणमा लिएका छाडा पशुहरुको व्यवस्थापन नभएसम्मको लागि

सम्बन्धित वडाभित्र तत्काललाई व्यवस्थापन गर्नुपर्नेछ । यसमा सिमाना जोडिएका वडाहरुले आपसी समन्वयमा तत्काललाई पशुहरुको व्यवस्थापन गर्न सक्नेछन् । यसरी नियन्त्रणमा लिएका पशुहरुको व्यवस्थापन नभएसम्म सम्बन्धित वडाले टोल विकास समितिसंग समन्वय गरी तत्काल उचित व्यवस्थापन मिलाउनुपर्नेछ । यसरी तत्कालको लागि व्यवस्थापन गर्दा दफा २४ मा उल्लेख गरेबमोजिमको पुरस्कार रकम उपलब्ध हुनेछ ।

(६) तोकिएको दण्डजरिवाना असुल गरी सम्बन्धित टोलविकास संस्था वा दण्ड जरिवाना गराउन सूचित गर्ने व्यक्तिलाई प्रोत्साहन वापत रकम उपलब्ध गराउने र दण्ड जरिवाना वापतको तोकिए बमोजिमको राजस्व संचित कोषमा दाखिला गराउने,

(७) छिमेकी वडा वा छिमेकी पालिकाबाट प्रवेश हुनसक्ने छाडा चौपायाहरुलाई प्रवेशमा रोकलगाउन व्यवस्थापन गर्ने ,

(६) वडाभित्र छाडा रुपमा देखिएका पशुचौपायाहरुलाई व्यवस्थापन गर्न तोकिएको स्थानसम्म लगी छाड्ने व्यवस्था मिलाउने,

(७) नगरकार्यपालिकाले निर्देशन गरेका अन्य कामहरु गर्ने ।

## परिच्छेद–३
## दण्ड, जरिवाना र लिलाम विक्री सम्बन्धी व्यवस्था :

६. **पशु चौपाया छाडा छाड्ने कार्य दण्डनीय हुने:** घर गोठमा पालिएका पशु चौपायाहरु सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्न हुँदैन । कुनै चौपाया धनीले आफूले पालेका चौपायाहरु नियतबस वा जानी जानी घर/गोठबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा छाड्ने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य दण्डनीय हुनेछ,

७. **दण्ड जरिवाना सम्बन्धी व्यवस्था :**

(क) दफा ६ बमोजिम कोही कसैले आफूले पालेका पशु चौपायाहरु नियतबस वा जानी जानी घरबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा वेवारिसे गराई छाडिदिने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य गरेमा नगरपालिकाले त्यस्ता पशु चौपाया धनीको यकिन गरी देहाय बमोजिम जरिवाना गर्नेछ र नियन्त्रणमा लिईएका त्यस्ता छाडा चौपाया निजको जिम्मा लगाउने छ,

(१) प्रति गाई/गोरु–बाछा/बाछी –२५००/–

(२) प्रति राँगा/भैंसी–पाडा/पाडी –१५००/–

(३) प्रति बाख्रा, खसी, बोका, भेंडा –३००/–

(४) प्रति सुंगुर/वंगुर –३००/–

(ख) उपदफा (क) बमोजिम एक पटक जरिवाना बुझाई सकेका चौपाया धनीले नियतबस सोही कसुर पुन: गरेमा निजलाई पहिलो पटक गरेको जरिवानामा ५०% थप गरि असुल उपर गरिनेछ र त्यस्ता छाडा चौपाया निजको जिम्मा लगाइनेछ,

(ग) उपदफा (क) र (ख) बमोजिम जरिवाना गर्दा त्यस्ता वेवारिसे छाडा चौपाया नियन्त्रणमा लिँदा र नियन्त्रण पश्चात संरक्षकले दाना, घाँस पानीमा गरेको खर्च दैनिक १०० रुपैया नबढने गरी समेत उक्त जरिवानामा जोडी असुल उपर गर्न सकिने छ,

(घ) कोही कसैको नियतबस नभई पालिएका पशु चौपायाहरु घर/गोठबाट भागी/हराई नगरपालिकाले सार्वजनिक स्थलबाट नियन्त्रणमा लिई आफैले राखेको अवस्थामा पछि सम्वन्धित चौपाया धनी स्वयंले सोध खोज गरी वास्तविकता पहिचान भई निजले त्यस्ता पशु चौपाया फिर्ता लिन माग दावी गर्दा देहायको रकम नगरपालिकालाई बुझाई त्यस्ता चौपाया फिर्ता लैजानु पर्नेछ,

(१) प्रति राँगा/भैंसी प्रतिदिन – २००/–

(२) प्रति गाई/गोरु प्रतिदिन – १००/–

(३) प्रति बाख्रा, खसी, बोका, भेडाको प्रतिदिन –५०/–

(४) प्रति सुंगुर, बंगुरको प्रतिदिन –५०/–

(ङ) पशु चौपायाले बालिनालीको हानीनोक्सानी गरेमा विगो बमोजिम पशु धनिबाट असुल उपर गरी सम्बन्धीत कृषकलाई उपलव्ध गराइनेछ,

**८. लिलाम बिक्री गर्ने :**

(क) दफा ७ को उपदफा (क) बमोविम पशु चौपाया धनी पत्ता नलागेमा र सोही दफाको उपदफा (घ) बमोजिम कसैको माग दावी पर्न नआएमा त्यस्ता छाडा वा वेवारिसे पशु चौपायालाई नगरपालिकाले आफूले नियन्त्रणमा लिएको दिन देखि ७ दिन सम्मको म्याद दिई सूचना जारी गर्ने ८ औं दिनबाट लिलाम बढाबढको संक्षिप्त प्रक्रिया अपनाई विक्री वितरणको व्यवस्था गर्न सक्नेछ ।

(ख) यसरी लिलामबाट प्राप्त हुने रकम नगरपालिकाको कोषमा जम्मा गरिनेछ ।

(ग) उप दफा (क) बमोजिम छाडा तथा वेवारिसे पशु चौपायाको लिलाम पछि कसैको दावी विरोध लाग्ने छैन ।

(घ) यस परिच्छेद बमोजिम लिलाम बढाबढ प्रक्रियाबाट व्यवस्थापन गर्न नसकिएका वेवारिसे छाडा पशु चौपायाको चौपाया धनी जुनसुकै बखत पत्ता लागेमा पनि निजलाई दफा ७ को (क) बमोजिमको जरिवाना गरी त्यस्ता चौपाया फिर्ता दिइनेछ ।

## परिच्छेद–४
## पशु चौपायाहरुको व्यवस्थापन

९. **पशु चौपाया व्यवस्थापन समितिः** बाणगङ्गा नगरपालिकामा पशु चौपाया व्यवस्थापनको लागि कार्यपालिकाले बढी प्रभावित वडा मध्ये कुनै १ जना वडा अध्यक्षको संयोजक रहने गरी कम्तिमा ९ जना सदस्य सहितको एक छाडा चौपाया व्यवस्थापन समिति निम्नानुसार गठन गर्न सक्नेछ ।

संयोजक – छाडा चौपाया प्रभावित वडाहरुबाट १ जना वडा अध्यक्ष कार्यपालिकाको निर्णयबाट
सदस्य – छाडा चौपाया प्रभावित वडाहरुका वडा अध्यक्षहरु ३ जना
सदस्य – महिला सहित नगर प्रमुखले तोकेको २ जना कार्यपालिका सदस्य
सदस्य – पशु सेवा शाखा प्रमुख
सदस्य – आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य सचिव – प्रशासन शाखा प्रमुख

१०. **पशु चौपायाहरुको व्यवस्थापनः** व्यवस्थापन समितिले कृषकले पालन पोषण गरेका पशु चौपाया, छाडा छोडिएका चौपाया, दुधजन्य उत्पादन, मासुजन्य उत्पादन लगायतको कूल उत्पादन र आत्मनिर्भर, सुरक्षित र छाडाचौपाया मुक्त नगर बनाउनको लागि योजना तर्जुमालाई आवश्यक पर्ने तथ्याङ्क संकलन, विश्लेषण गरी प्रतिवेदन तयारीको लागि निर्देशिका बमोजिम गर्न सक्नेछ ।

११. **छाडा चौपायाहरुको पहिचानः** कृषकहरुले कम्तिमा आफूले पालेको गाई, गोरू, बाच्छाबाच्छी सबैको अनिवार्य रुपमा ट्यागिङ गर्न नगरपालिकाको पशु सेवा शाखामा समन्वय गर्नुपर्ने छ । सालबसाली रुपमा गाईगोरु बाच्छाबाच्छीहरुको ट्यागिङ गर्ने र अभिलेख अद्यावधिक गर्ने व्यवस्थापन पशु सेवा शाखाले गर्नुपर्नेछ ।

१२. **पशु प्रोफाईलः** नगर भित्र रहेका सबै पशु चौपायाहरुको अभिलेख अद्यावधिक गरी पशु सेवा शाखामा राख्नुपर्नेछ । पशु सेवा शाखाले वार्षिक रुपमा पशु चौपायाहरुको अभिलेख समितिमा प्रस्तुत गरी सो को प्रतिवेदनको रुपमा कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

१३. **कृषकहरुको जिम्मेवारीः** कृषकहरुले वडा बाहिरबाट निशुल्क वा खरिद गरी ल्याउने पशु चौपायाहरुको विवरण, संख्या, अन्यत्र वा अर्को वडामा लैजानुपर्ने भएमा पुराउनुपर्ने वडाको पूर्व स्वीकृति र लैजाने वडाको अनुमति लिनुपर्नेछ । कृषकहरुले खरिद गर्ने वा बिक्रि गर्ने वा निशुल्क हस्तान्तरण गर्ने पशु चौपायाहरुको विवरण सहितको जानकारी पशु

सेवा शाखालाई उपलब्ध गराउनुपर्नेछ । अनाधिकृत रुपमा वडाको कुनै क्षेत्रभित्र प्रवेश गर्ने पशु चौपायाहरुको जानकारी टोलविकास समिति मार्फत वडा समितिलाई तत्काल दिनुपर्नेछ ।

१४. **छिमेकी पालिकाहरुसंग समन्वयः** अन्य पालिकाहरुले पशु चौपायाहरुको व्यवस्थापनको लागि गरेका अभ्यास गर्न अध्ययन अवलोकन भ्रमण गर्न सक्नेछ । छाडा चौपाया व्यवस्थापनमा छिमेकी पालिकाहरुसंग समन्वय गर्न आवश्यक भएमा व्यवस्थापन समितिले आवश्यक प्रकृया अगाडी बढाई सोको जानकारी कार्यपालिकामा दिनुपर्नेछ ।

१५. **तारबार व्यवस्थापनः** छाडा चौपायाहरुको व्यवस्थापनको लागि सम्भावित स्थानहरुको पहिचान गरी उक्त स्थानमा व्यवस्थापन गर्न सकिने चौपाया, त्यसको न्यूनतम लागत र सोबाट लाभान्वित हुने कृषक र संरक्षण हुने बालिनालीहरुको समेत लेखाजोखा गरी समितिको निर्णय सहित कार्यान्वयनको लागि कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१६. **कार्यक्रम कार्यान्वयन प्रक्रियाः** छाडा चौपाया व्यवस्थापनको लागि व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले उपयुक्त शिर्षकबाट खर्च हुने गरी निर्णय गर्न सक्नेछ । छाडा चौपाया व्यवस्थापनको लागि स्थान, त्यसमा व्यवस्थापन गर्न सकिने चौपाया संख्या, लागत अनुमान, दिगो व्यवस्थापन लगायतको विश्लेषण गरी तारवार कार्यको लागि तत्काल उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्न सम्बन्धित वडालाई निर्देशन दिने गरी निर्णय गर्न सक्नेछ ।

१७. **छाडा चौपायाको रेखदेख गर्न हेरालु व्यवस्थापन गर्नेः** (क) वन उपभोक्ता समूह, टोल विकास संस्था, पशुपालन फर्म वा व्यक्तिले तोकिएको संख्या नघट्ने गरी गाई व्यवस्थापन गर्न ईच्छुक भई प्रतिवद्दता जनाएमा नगरपालिकाले नियम २० अनुसार हेरालुको व्यवस्थापन गर्न सक्नेछ ।

(ख) व्यक्तिगत फर्म, व्यक्ति, सामुदायिक वन, धार्मिक वनलाई प्रस्ताव पेश गर्न १५ दिनको सूचना गर्न सक्नेछ,

(ग) म्याद भित्र ईच्छुक प्रस्तावकसंग व्यवस्थापन समितिले आवश्यक छलफल गर्न सक्नेछ,

(घ) यसरी गाईवस्तुको व्यवस्थापन गर्दा गाईवस्तुमा लगाईएका ट्याग अनुसार नगरपालिका प्रथम पक्ष र प्रस्ताक दोस्रो पक्ष हुनेगरी सम्झौता गर्न सक्नेछ,

(ङ) सम्झौता गरिएका गाईवस्तु नियतबस छाडा छोडेमा दोस्रो पक्षलाई दफा ७ बमोजिम कारबाही गर्ने र सम्झौता रद्द गर्न सक्नेछ ।

(च) हेरालुको भुक्तानी दावी गर्दा नगरपालिका पशु चौपाया व्यवस्थापन समितिसंग

समन्वय गरी तोकिएको संख्यामा अनुगमन हुनेगरी समन्वय गर्न सक्नेछ । तोकिएको संख्यामा नघट्ने देखिएमा व्यवस्थापन समितिले भुक्तानीको लागि नगरपालिकालाई सिफारिस गर्न सक्नेछ ।

(छ) माथी जेसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको पशुसेवा शाखाले तोकिएको संख्यामा पालन पोषण गरेको तर पछि मृत घोषणा गरेको आधारमा ट्याग अनुसार अभिलेखिकरण गरी भुक्तानीको लागि सिफारिस गर्न सक्नेछ ।

१८. **कोषको स्थापनाः** नगरपालिकाले छाडा चौपाया व्यवस्थापनको लागि एक कोषको स्थापना गर्न सक्नेछ । जसमा निम्नानुसारको रकम राख्न सकिनेछ ।

(क) नगरपालिकाबाट विनियोजन रकम
(ख) संघसंस्थाबाट प्राप्त रकम
(ग) दान दातब्यबाट प्राप्त रकम
(घ) दण्ड जरिवानाबाट प्राप्त रकम
(ङ) अन्य

१९. **छाडा चौपाया व्यवस्थापन पूर्वाधार निर्माणः** (क) नगरपालिकाले छाडा चौपाया व्यवस्थापनको पूर्वाधार निर्माणको लागि निम्नानुसारको प्रकृया गर्न सक्नेछ ।

(१) घर पालुवा तथा छाडा चौपायाहरुको विवरण तथ्याङ्क संकलन
(२) जग्गा प्राप्ति
(३) आवश्यक पूर्वाधार निर्माण

(ख) धार्मिक, सामुदायिक तथा निजी वनमा छाडा चौपाया व्यवस्थापनको लागि वन उपभोक्ता समितिबाट निर्णय भई आएमा गौशाला निर्माणको लागि लागत सहभागितामा प्रतिवद्दता भई आएमा नगरपालिकाले आवश्यक बजेटको व्यवस्थापन गर्न सक्नेछ ।

(ग) पूर्वाधारहरुको निर्माण गर्दा योजना कार्यान्वयनको लागि रहेका प्रचलित कानून अनुसारको प्रकृयाबाट गर्न सकिनेछ ।

(घ) कुन किसिमको पूर्वाधार कुन स्थानमा निर्माण गर्ने भनी पशु चौपाया व्यवस्थापन समितिको निर्णयबाट सिफारिस भई आएमा कार्यपालिकाले निर्धारण गरी निर्णय गर्नसक्नेछ ।

(ङ) पूर्वाधार निर्माणको लागि कार्यपालिकाबाट निर्णय गरी आएमा सोको उपभोक्ता समिति गठन, लागत अनुमान, योजना सम्झौता लगायतका कार्य अन्य योजना तथा कार्यक्रम कार्यान्वयन प्रकृया सरह हुनेछ ।

२०. **पशुचौपाया हेरालुको व्यवस्थापन गर्न सक्नेः** (क) दुधमा नगरलाई आत्मनिर्भर बनाउन,

किसानहरुको बालि नालीको नोक्सान हुनबाट बचाउन र पशुचौपायाहरुको कारणले हुनसक्ने सडक दुर्घटनालाई न्यूनिकरण गर्न नगरले पशु चौपाया (गाई गोरु, बाच्छाबाच्छी) हेरालुको व्यवस्थापन गर्न सक्नेछ ।

(ख) हेरालुको व्यवस्थापन वापत नगरपालिकाले सामान्य श्रमिकको दैनिक ज्यालादारी अनुसार हुने रकम मासिक पारिश्रमिकको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(ग) उपदफा (ख) बमोजिमको सुविधा प्राप्त गर्न तोकिएको संख्यामा गाईगोरु, बाच्छाबाच्छी पालन पोषण गरेको हुनुपर्नेछ ।

(घ) यस्तो सुविधा प्राप्त गर्न सम्बन्धित वडाबाट सिफारिस भई आउनुपर्नेछ ।

(ङ) हेरालुको व्यवस्थापन गर्न कम्तिमा देहायको बमोजिमको संख्यामा गाईगोरु तथा बाच्छाबाच्छीहरुको पालन पोषण गरिएको हुनुपर्नेछ ।

(१) ४० देखि ५० सम्म भएमा - १ जना
(२) ५१ देखि ८० सम्म भएमा - २ जना
(३) ८१ देखि ११६ सम्म भएमा - ३ जना
(४) ११७ देखि १५० सम्म भएमा - ४ जना

(५) उपरोक्त बमोजिमको अनुपातमा थप संख्या भएमा सोही बमोजिमको संख्यामा हेरालुको व्यवस्थापन नगरपालिकाबाट हुनसक्नेछ ।

(च) आफ्नै जग्गामा स्वयँ पूर्वाधार निर्माण गरी तोकिएको संख्यामा गाईवस्तु पालनपोषण गरेमा सोबाट उत्पादन भएको पशुजन्य स्वयँ विक्रि वितरण गर्ने र पशु आहार पनि स्वयँ व्यवस्थापन गर्ने भएमा पनि नगरपालिकाले हेरालुको व्यवस्थापन गर्नसक्नेछ ।

(छ) हेरालुको पारिश्रमिक भुक्तानी सुविधा माग गर्दा सम्बन्धित वडा समितिको भुक्तानिको लागि सिफारिस गर्ने भन्ने निर्णय र वडा कार्यालयको सिफारिस पत्र अनिवार्य हुनुपर्नेछ ।

(ज) तोकिए भन्दा कम संख्या भएमा वा संख्या पुगेको भनि दावि गरी हेरालुको पारिश्रमिक भुक्तानी लिएमा र त्यस्तो प्रमाणित भएमा सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(झ) उपदफा (ख) बमोजिमको सुविधा मात्र लिन वडा कार्यालयको सिफारिस भए पुग्नेछ तर दाना, पराल तथा अन्य आहराको व्यवस्थापनको लागि नगरपालिकासंग माग गर्नुपर्ने भएमा गौशाला तथा कान्जिहाउस व्यवस्थापनबाट भएको आम्दानी, उत्पादन, खर्च सबै सार्वजनिकिकरण गरी उक्त आम्दानी खर्चको वडा कार्यालयबाट प्रमाणित गराई सिफारिस सहित नगरपालिकामा भुक्तानीको लागि माग गर्नुपर्नेछ ।

२१. **अनुत्पादक गाई, गोरु व्यवस्थापनः** (क) कृषकहरुको घरगोठ वा फर्ममा पालिएका गाई अनुत्पादक भई वा बाच्छा/बहर व्यवस्थापन गर्न चाहेमा नगरपालिकाले तोकेको वा

व्यवस्थापन गरेको क्षेत्रमा सम्बन्धित कृषक वा फर्म धनिहरुले राख्न चाहेमा प्रति गाई बहर, बाच्छाको रु.२,०००।– आहारा व्यवस्थापनको लागि कोषमा रकम जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद–५
## विविध

**२२. अनुगमन समिति :**

(क) नगरकार्यपालिकाले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्ने सन्दर्भमा नगर उपप्रमुखको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य मध्येवाट कम्तिमा १ जना महिला सहित २ जना र पशुसेवा शाखा प्रमुख सदस्य सचिव हुने गरी अनुगमन समिति गठन गर्न सक्नेछ,

(ख) अनुगमन समितिले व्यवस्थापन समितिको काम कारबाही, वडा कार्यालय, टोलविकास संस्था, कृषक एवं आम नगरबासीको जिम्मेवारी तथा कर्तव्यको पालना भए नभएको अनुगम गरी सुझाव सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ,

(ग) अनुगमन समितिले प्रचलित कानूनसंग नबाझिने गरी आफ्नो अनुगमन नर्म्स आफै निर्धारण गर्नेछ,

(घ) नगर प्रमुखले अनुगमन समितिलाई समय समयमा निर्देशन गर्न सक्नेछन्,

**२३. स्थानीय प्रशासन / नगर प्रहरी कर्मचारी परिचालित हुने :**

(क) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा छाडिएका छाडा पशु चौपायाहरुको आवश्यक निगरानी र नियन्त्रणका लागि नगर कार्यपालिकाले स्थानीय प्रशासन / नगर प्रहरी कर्मचारीलाई कार्यादेश दिई परिचालन गर्नेछ,

(ख) स्थानीय प्रशासन / नगर प्रहरी कर्मचारी अपर्ययाप्त रहेको अवस्थामा अन्य कर्मचारी समेतलाई नगर कार्यपालिकाले उपदफा (क) को कार्यमा परिचालन गर्न सक्नेछ,

(ग) उपदफा (क) र (ख) बमोजिम छाडा चौपाया नियन्त्रणमा खटिने नगर प्रहरी कर्मचारी र अन्य कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहजीकरण र निर्देशन गर्नेछन्,

**२४. पुरस्कारको व्यवस्था :**

(क) घर/गोठबाट पशु चौपाया हटाउने कुत्सित मनसायले त्यस्ता पशु चौपाया

सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्ने, छाड्न लगाउने कार्यमा संलग्न पशु चौपाया धनीको सूचना दिने व्यक्ति, संघ संस्थालाई त्यस्तो चौपाया धनीबाट असुल गरिएको जरिवानाको ५०% रकम पुरस्कार स्वरुप उपलव्ध गराइनेछ ।

(ख) जरिवाना वापतको रकम वडा समितिले असुल उपर गरी सोको ५०% सम्बन्धित टोलविकास संस्था वा सूचना दिने व्यक्तिलाई उपलब्ध गराई बाँकी ५०% रकम नगरको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(ग) जरिवाना सम्बन्धी चित्त नबुझेमा पशुचौपाया व्यवस्थापन समितिमा उजुरी गर्न सक्नेछ । पशु चौपाया व्यवस्थापन समितिबाट उपयुक्त लागेमा अनुसन्धान गरी जरिवाना छुटको लागि नगर कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

(घ) पशु चौपाया व्यवस्थापन समितिले सिफारिस गरेको जरिवाना छुट वा मिनाहा सम्बन्धमा कार्यपालिकाले यथार्थ विवरण सहित निर्णय गर्न सक्ने छ ।

**२५. अधिकार प्रत्यायोजन गर्न सक्ने :**

(क) नगरकार्यपालिकाले यस कार्यविधिको परिच्छेद–३ अन्तर्गतको दण्ड, जरिवाना र लिलाम सम्बन्धी कारवाही गर्ने अधिकार वडा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ,

(ख) वडा कार्यालयले यस दफा बमोजिम गरिएको कारवाहीको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ,

**२६. गौशाला तथा कान्जिहाउस व्यवस्थापन समितिः**

(क) छाडा गाईहरुको गौशाला एवं कान्जिहाउसमा व्यवस्थापनको लागि एउटा छुट्टै व्यवस्थापन समिति गठन गरी जिम्मेवारी प्रदान गर्न सकिनेछ । यस्तो समिति गठन गर्दा दफा ९ बमोजिमको समितिसंग समन्वय गर्नुपर्नेछ ।

(ख) सामुदायिक वा धार्मिक वन भित्र गाईहरुको संरक्षण तथा रेखदेख गर्नको लागि वडा अध्यक्षको रोहवरमा एउटा छुट्टै समिति गठन गरी गाईहरुको संरक्षण गर्न सक्नेछ ।

(ग) उपदफा (क) र (ख) बमोजिमको समितिले गौशाला एवं कान्जिहाउसमा पालन पोषण गरीएका पशुहरुको हेरचाह गर्ने, पशु आहराको व्यवस्थापन गर्ने र मलमूत्रको आवश्यक व्यवस्थापन गर्नुपर्नेछ ।

(घ) यसरी पालन पोषणको लागि नगरपालिकाले तोकिएको संख्या अनुसार हेरालुको पारिश्रमिक खर्च उपलब्ध गराउनेछ ।

(ङ) उपदफा (घ) बमोजिमको सुविधा मात्र लिन वडा कार्यालयको सिफारिस भए पुग्नेछ तर दाना, पराल तथा अन्य आहरको व्यवस्थापनको लागि नगरपालिकासंग माग गर्ने भएमा गौशाला तथा कान्जिहाउस व्यवस्थापनबाट भएको आम्दानी,

उत्पादन, खर्च सबै सार्वजनिकिकरण गरी नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ ।

**२७. कुकुरहरुको व्यवस्थापनः**

(क) व्यवसायिक रुपमा कुकुर पाल्न चाहने व्यक्तिले पशु सेवा शाखाबाट अनुमति नलिई व्यवसायिक रुपमा कुकुरहरु पाल्न पाईनेछैन,

(ख) व्यवसायिक रुपमा पालेका कुकुरहरुलाई रेविज बिरुद्धको सुई अनिवार्य रुपमा लगाउनुपर्नेछ,

(ग) छिमेकीलाई कुनै किसिमको हानी पुराउने गरी कुकुर पाल्न पाईने छैन,

(घ) कुकुरलाई जथाभावी रुपमा बाटोमा डोराउने र बाटोमै दिसापिसाव गराउन पाईने छैन,

(ङ) त्यसरी कुकुरलाई बाटोघाटोमा जथाभावी दिसापिसाव गराउने व्यक्तिलाई वडा कार्यालयले पहिलो पटक रु.५००।– जरिवाना गर्न सक्नेछ,

(च) त्यस्तो व्यक्तिबाट प्राप्त हुने जरिवाना ५०% सम्बन्धित टोल विकास संस्थाको खातामा राखि बाँकी रकम नगरपालिकाको संचित कोष खातामा दाखिला गर्न सक्नेछ,

(छ) कार्यविधिको विपरित कुकुरको व्यवस्थापन गरे नगरेको सम्बन्धित टोल विकास संस्थाले वडा कार्यालयलाई जानकारी उपलब्ध गराउनुपर्नेछ ।

**२८. खारेजी र बचाउ :**

(क) यो कार्यविधिमा समयानुकूल हेरफेर तथा परिमार्जन गर्ने र खारेज गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ,

(ख) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ,

(ग) उपदफा (क) र (ख) बमोजिम नगर कार्यपालिकाको निर्णयबाट भएका हेरफेर एवम् आदेश तथा निर्देशनको व्यहोरा सर्व साधारणको जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ,

(घ) पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७९ खारेज गरिएको छ ।

*मितिः २०८० कार्तिक २३ गते बिहिबार*

आज्ञाले,  
भक्तिराम मरासिनी  
प्रमुख प्रशासकीय अधिकृत